आज मिति २०८३ साल असार ५ गते शुक्रबारका दिन गाउँपालिकाको सभाहलमा गाउँसभाका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बरेङ गाउँसभाको सत्रौं अधिवेशन सञ्चालन गरी देहाय बमोजिम निर्णयहरू गरियो ।

| क्र.स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद शर्मा | सभाध्यक्ष | |
| २ | दिलिप कुमार पुन | उपाध्यक्ष | |
| ३ | बद्री नाथ पोखरेल | सभा सचिव | |
| ४ | नरसेङ पुन | वडा अध्यक्ष/ सभा सदस्य | |
| ५ | हिरा बहादुर घर्ति | वडा अध्यक्ष/ सभा सदस्य | |
| ६ | शेर बहादुर खनाल क्षेत्री | वडा अध्यक्ष/ सभा सदस्य | |
| ७ | किसन बहादुर खत्री | वडा अध्यक्ष/ सभा सदस्य | |
| ८ | अमर बहादुर शेरबुजा | वडा अध्यक्ष/ सभा सदस्य | |
| ९ | छत्र बहादुर थापा | सभा सदस्य | |
| १० | पुर्ण बहादुर थापा | सभा सदस्य | |
| ११ | चन्द्रकला केसी थापा | सभा सदस्य | |
| १२ | राधिका लोहार | सभा सदस्य | |
| १३ | श्यामलाल शर्मा | सभा सदस्य | श्याम |
| १४ | रन बहादुर क्षेत्री पौडेल | सभा सदस्य | |
| १५ | टिका काउचा | सभा सदस्य | |
| १६ | जमुना विटालु | सभा सदस्य | जमुना |
| १७ | टेक बहादुर थापा क्षेत्री | सभा सदस्य | |
| १८ | शोभा थापा | सभा सदस्य | |

## गाउँ सभाको १७ औं अधिवेशन मिति २०८३।०३।०५ गतेका निर्णयहरु

**निर्णय नं १,**

गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यूबाट प्रस्तुत गरिएको बरेङ गाउँपालिकाको आ.व २०८३।०८४ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने ।

**निर्णय नं.२**

आ.व २०८२।०८३ मा विभिन्न कारणले कार्यान्वयन गर्न कठिन भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु संशोधन एवम् रकमान्तर गर्ने।

| क.सं. | संशोधन गर्नुपर्ने शीर्षक | बजेट | संशोधित शीर्षक | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | चौर मोटरबाटो स्तरोन्नती | १,५०,००० | नयाँबजार झोलुङ्गे पुल देखि खाल्ले सम्म मोटरबाटो स्तरोन्नती | ३,००,००,० | योजना कार्यान्वयन नहुने |
| | स्वस्थ्य शिविर सञ्चालन | १,५०,००० | | | |
| २. | बाँसघारी-सातदोबाटो स्तरोन्नती | ५,००,००० | नयाँबजार, माझगाउँ साग्दी सडक निर्माण | ५,००,००० | नाम फरक परेकाले |
| ३. | अन्य कार्यालय प्रयोजन तथा मर्मत संभार | २,००,००० | भण्डारखोला कल्भट निर्माण | २,००,००० | अपुग भएकाले |
| | अन्य कार्यालय प्रयोजन तथा मर्मत संभार | २,००,००० | विपद् व्यवस्थापन कोष | २,००,००० | |
| ४. | ह्यूम पाईप | १,५०,००० | भण्डारा खोलामा होमपाइप | १,५०,००० | |
| ५. | भैपरी पूँजिगत | ५००००० | अर्लाङतुङ खेलमैदान तथा ट्रस निर्माण | १२५००० | |
| | | | भैपरी पूँजिगत | ३७५००० | |

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

## गाउँ सभाको १७ औं अधिवेशन मिति २०८३।०३।०५ गतेका निर्णयहरु

गाउँ कार्यपालिकाको कार्यालय
ढोरपाटन/ईन्दिशिर, बागलुङ
२०७३

**निर्णय नं ३,**

गाउँपालिकाको आ.व २०८२।०८३ को हालसम्मको आय व्यय विवरण, गाउँ कार्यपालिकाका निर्णयहरु, गाउँपालिका अध्यक्ष, विषयगत समिति र प्रमुख प्रशासकीयस्तरबाट भएका निर्णयहरु अनुमोदन गर्ने ।

**निर्णय नं. ४**

गाउँपालिकामा करार सेवा अन्तरगत कार्यरत सम्पूर्ण कर्मचारीहरु (स्थायी दरबन्दीमा पदपुर्ती भएका बाहेक) को कार्य सम्पादनका आधारमा आ.व २०८३।०८४ को पौष मसान्त सम्मका लागि म्याद थप गर्ने ।

**निर्णय नं. ५**

गाउँ कार्यपालिका तथा गाउँसभा अन्तरगतका तपसिल बमोजिमका विषयगत समितिहरुको आ.व २०८२।०८३ को वार्षिक प्रतिवेदन अनुमोदन गर्ने:

तपसिल:

क. न्यायिक समिति,
ख. राजश्व परामर्श समिति,
ग. लेखा समिति,
घ. अनुगमन तथा सुपरिवेक्षण समिति ।

**निर्णय नं. ६**

गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनमा पेस भएलप अर्थ सम्बन्धी विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ आ.व २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

**निर्णय नं ७**

आ.व २०८२।०८३ मा गाउँपालिका भित्र सञ्चालन हुने तपसिँल बमोजिमका गैर सरकारी संस्थाको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

<u>तपसिल:</u>

क. BYC बाग्लुङ, (साना किसान सँग बरेङ परियोजना)

**निर्णय नं. ८**

आ.व २०८३।०८४ मा पुँजिगत भैपरी योजना शिर्षकमा विनियोजित रकम र आ.व २०८२।०८३ को अल्या रकमबाट अत्यावश्यक र तत्काल कार्यान्वयन गर्नुपर्ने र सो नगरेमा थप क्षति पुग्ने तथा लागत वृद्धि

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

## गाउँ सभाको १७ औं अधिवेशन मिति २०८३।०३।०५ गतेका निर्णयहरु

भई थप व्ययभार हुन सक्ने अवस्थाका आकस्मिक प्रकृतिका कार्यहरु गर्न/गराउनका लागि गाउँपालिका अध्यक्षको एकल निर्णयबाट खर्च गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं. ९**

आ.व २०८१/८२को महालेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी बेरेजुको मात्रलाई घटाउन निर्माण गरिएको बेरुजु फस्यौंट कार्यविधिको पालना गर्ने साथै लेखा समितिबाट पेश हुन आएको कार्यपालिकको बैठकमा छलफल भै नियमित गर्नको लागि गाउँसभा समक्ष पेस भएको हुँदा तपसील बमोजिकका बेरुजुहरुलाई नियमित गर्ने निर्णय गरियो।

| क.स | दफा नं. | बेरुजुको विवरण र शीर्षक | नियमित गर्नु पर्ने रु |
|---|---|---|---|
| १. | ३३ | गाउँपालिकाको मर्मत सम्भार कोष | ५५७५०० |
| २. | ३५ | पालुङखोला लघुजलविद्युत उ.स | ४७२७७१ |
| ३. | ३६ | उपभोक्ता समितिद्वारा हेभि इक्यूप्मेन्ट प्रयोग | १६५३६९७ |
| ४. | ४७ | लेखन नेपाल मिडिया प्रा.ली | २००००० |
| ५. | ५० | करार कर्मचारी तलब | ३९०७८५९ |
| ६. | ५२ | फरक शीर्षक भुक्तानी | १०३९५० |
| ७. | ६६ | स्वस्थ्य शाखा प्रणाली संचालन | ५६५०० |
| ८. | ६९ | औषधी खरिद | ३२४४११० |

**निर्णय नं. १०**

आ.व. २०८३।०८४ को लागि रोजगार सेवा केन्द्रमा कार्यरत प्राविधिक सहायक र रोजगार सहायकको करार सेवा नविकरण गरी रोजगार सेवा केन्द्रलाई निरन्तरता गर्ने।

**निर्णय नं. ११**

गाउँपालिकाको पूर्वाधार विकास सम्बन्धी कार्यलाई दिगो, वातावरणमैत्री र गुणस्तरयुक्त बनाई समयमै योजनाहरु सम्पन्न गर्न नियमित रुपमा फिल्डमा खटिने प्राविधिक कर्मचारीलाई कार्यसम्पादन प्रतिवेदनको आधारमा सुरु तलब स्केलको ५०% (पचास प्रतिशत) सम्म फिल्ड भत्ता उपलब्ध गराउनुको साथै सभा संचालनमा खटिनु हुने कर्मचारीलाई एक महिनाको तलब प्रोत्सहान स्वरुप उपलब्ध गराउने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
२०७३

गाउँ सभाको १७ औं अधिवेशन मिति २०८३।०३।०५ गतेका निर्णयहरु

निर्णय नं. १२

बरेङ गाउँपालिकाको गाउँ सभाको १७ औं अधिवेशन सम्पन्न गर्नको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नु हुने सम्पूर्णमा धन्यवाद व्यक्त गर्नुका साथै गाउँ सभाको १७ औं अधिवेशन यहीं अन्त्य गर्ने ।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष